


# अध्याय -१०

## विगतबाट सिक्ने पाठहरू

यस अध्यायका मुल पदहरूः भजन ७८, भजन १०५, गलाती ३:२९, भजन १०६, भजन ८०, गन्ती ६:२२-२७ र भजन १३५।

<u>यस अध्यायको मुल सार पदः</u> *" ती जुन कुराहरू हामीले सुनेका र जानेका छौं, र जुन कुरा हाम्रा पिता-पुर्खाहरूले हामीलाई भनेका छन्। हामी यी कुराहरू तिनीहरूका छोराछोरीहरूबाट लुकाएर राख्नेछैनौं, तर आउने पुस्तालाई परमप्रभुका महिमामय कार्यहरू र उहाँको सामर्थ्य अनि उहाँले गर्नुभएका आश्‍चर्यपूर्ण कामहरूको वर्णन गर्नेछौं। " भजन ७८:३-४।*

धेरै भजनहरूमा परमेश्वरको स्तुति प्रशंसाद्वारा उहाँको शक्तिशाली मुक्तिको बारेमा वर्णन गर्दछन्। ती भजनहरू प्रायजसो "मुक्तिको इतिहासका भजनहरू" वा "ऐतिहासिक भजनहरू" भनेर सम्बोधन गरिएको छ। इतिहासबाट सिक भनेर कतिपय भजनहरूले परमेश्वरका जनहरूलाई आह्वान गरिएको छ। तिनीहरूको आफ्नै र पुर्खाका गल्तीहरूबाट सिक भनेर औंल्याइएको छ। कतिपय भजनहरूमा विगत समयमा परमेश्वरका जनहरूका निम्ति उहाँका अचम्मका कामहरू जोड दिएका छन्। ती कामहरूलाई याद गर्दा परमेश्वरप्रति तिनीहरूको निष्ठामा बल पुगोस् भनेर भन्ने आशय प्रकट गरेका छन्। तिनीहरूको कठिनाइबाट राहत दिन परमेश्वर कतिवद्ध हुनुभएको छ भनेर तिनीहरूले थाहा पाउनु जरुरी छ।

कतिपय समयमा ऐतिहासिक भजनहरूका विशेष आह्वानहरूमा हाम्रै जीवन पनि गाँसिएको पाउँछौं। विगका परमेश्वरका जनका इतिहास हाम्रो जस्तै रहेछ भनेर हामी पनि दावी गर्न सक्छौं। परमेश्वरका ऐतिहासिक जनका परिवारमा ख्रीष्टद्वारा हामीलाई पनि समावेश भएको छ (रोमी ८:१५, रोमी ९:२४-२६, गलाती ४:६,७)। पौराणिक इस्राएलीहरूको ऐतिहासिक वर्णन यथार्थमा आत्मिक पूर्खाका लेखाजोखा हो। त्यसकारण, तिनीहरूको विगतको इतिहासबाट हामी सिक्नुपर्दछ किनकि त्यो हाम्रो पनि इतिहास हो।

**विगतको इतिहास**को अध्ययनको अन्तिम लक्ष्य यो होकि प्रत्येक पुस्तामा कोही न कोही मानिसहरूले महत्वपूर्ण भाग खेलेका छन् भनेर थाहा पाउनुपर्छ। परमेश्वर र सैतानको बीचमा भइरहेका महान् बैचारिक द्वन्द्वमा परमेश्वरका सार्वभौम लक्ष्यहरू छन् भनेर उजागर गर्नु हो, जसमा परमेश्वरका जनहरूले केही न केही महत्त्वपूर्ण भागहरू खेलिरहेका हुन्छन्।

## १. कसैले रोक्न नसकिने परमेश्वरको बफादारिता वा विश्वसनीयता

**भजन ७८ पढ्नुहोस्। यस भजनमा तीन मुख्य ऐतिहासिक युगहरू उल्लेख गरेका छन्। प्रत्येक युगमा भइरहेका पाठहरूबाट भजनका लेखक आसाफले सिक्दछन्? हेर्नुहोस् " १ हे मेरा प्रजा, मेरा शिक्षातिर कान लगाओ, मेरो मुखका वचनमाथि ध्यान देओ। २ म मेरो मुख दृष्टान्तमा खोल्नेछु, प्राचीनका भेदका कुराहरू सुनाउनेछु, ३ ती जुन कुराहरू हामीले सुनेका र जानेका छौं, र जुन कुरा हाम्रा पिता-पुर्खाहरूले हामीलाई भनेका छन्। ४ हामी यी कुराहरू तिनीहरूका छोराछोरीहरूबाट लुकाएर राख्नेछैनौं, तर आउने पुस्तालाई परमप्रभुका महिमामय कार्यहरू र उहाँको सामर्थ्य अनि उहाँले गर्नुभएका आश्चर्यपूर्ण कामहरूको वर्णन गर्नेछौं। ५ उहाँले याकूबको निम्ति कानूनहरू कायम राख्नुभयो, र इस्राएलमा एउटा व्यवस्था स्थापना गर्नुभयो। आफ्ना सन्तानहरूलाई यी कुरा सिकाऊन् भनेर, उहाँले हाम्रा पिता-पुर्खाहरूलाई हुकुम दिनुभयो, ६ कि आउँदो पुस्ताले यी कुरा जानून्, र अझ नजन्मेका शिशुहरूले पनि यी कुरा जानून्, र तिनीहरूले आफ्ना सन्तानलाई पनि यी कुरा भनून्। ७ यसरी तिनीहरूले परमेश्वरमा भरोसा राख्नेथिए, र उहाँका कार्यहरू बिर्सनेथिएनन्, तर उहाँका आज्ञाहरू पालन गर्नेथिए। ८ तिनीहरू आफ्ना पिता-पुर्खाझैं हठी र विद्रोही पुस्ता नहोऊन्, जसका हृदयहरू परमेश्वरतर्फ बफादार थिएनन्, र जसका आत्मा परमेश्वरतर्फ विश्वस्त थिएनन्। ९ एफ्राइमका मानिसहरू धनुले**

सुसज्जित थिए, तर लड़ाइँको दिनमा तिनीहरूले पिठिउँ फर्काए। १० तिनीहरूले
परमेश्वरको करार पालन गरेनन्, र उहाँको व्यवस्थामा चल्न इन्कार गरे। ११
तिनीहरूले उहाँका कामहरूलाई बिर्से, ती आश्चर्य कामहरू जुन उहाँले
तिनीहरूलाई देखाउनुभएको थियो। १२ तिनीहरूका पिता-पुर्खाका नजरको
सामुन्ने उहाँले मिश्रदेशमा र सोअनको मैदानमा अचम्म-अचम्मका कामहरू
गर्नुभयो। १३ उहाँले समुद्रलाई दुई भाग गर्नुभयो, र तिनीहरूलाई बीचबाट पारि
डोऱ्याउनुभयो, र उहाँले पानीलाई पर्खालझैं खड़ा गरिदिनुभयो, १४ दिउँसो उहाँले
तिनीहरूलाई बादलले र रातभरि अग्निको प्रकाशले अगुवाइ गर्नुभयो। १५
उहाँले उजाड-स्थानमा चट्टानहरूलाई दुई फ्याक पार्नुभयो, र सागरमा झैं प्रशस्त
पानी पिउन दिनुभयो।१६ उहाँले चट्टानबाट पानीको धारा निकाल्नुभयो, र पानी
नदीझैं बगाउनुभयो। १७ तर मरुभूमिमा तिनीहरू सर्वोच्च प्रभुको विरुद्धमा
विद्रोही भई उहाँको विरुद्धमा पाप गरी नै रहे। १८ आफ्नै इच्छाबमोजिम
खानेकुरा मागेर तिनीहरूले जानी-जानी परमेश्वरको परीक्षा गरे। १९ तिनीहरूले
परमेश्वरको विरुद्धमा यस्तो वचन बोले, "के परमेश्वरले उजाड-भूमिमा खानेकुरा
दिन सक्नुहुन्छ र? २० जब उहाँले चट्टानलाई हिर्काउनुभयो, तब पानी
फुटिनिस्क्यो, र खोलाहरू प्रशस्त भई बगे। तर के उहाँले हामीलाई भोजन पनि
दिन सक्नुहुन्छ र? के उहाँले आफ्ना मानिसहरूका निम्ति मासु जुटाउन
सक्नुहुन्छ र?" २१ जब परमप्रभुले तिनीहरूका कुरा सुन्नुभयो, तब उहाँ साह्रै
क्रोधित हुनुभयो, र याकूबको विरुद्धमा उहाँको आगो सल्क्यो, र इस्राएलको
विरुद्ध उहाँको क्रोध दन्क्यो, २२ किनभने तिनीहरूले परमेश्वरमा विश्वास
गरेनन्, र उहाँको उद्धारमा भरोसा राखेनन्। २३ तापनि उहाँले माथि
आकाशलाई हुकुम दिनुभयो, र स्वर्गका ढोकाहरू खोलिदिनुभयो। २४ उहाँले
मानिसहरूका निम्ति खानलाई मन्न बर्साउनुभयो, तिनीहरूलाई स्वर्गको अन्न
दिनुभयो। २५ मानिसहरूले स्वर्गदूतहरूको रोटी खाए। परमेश्वरले तिनीहरूलाई
मनग्गे खानेकुरा दिनुभयो। २६ उहाँले आकाशमा पूर्वीय बतास छोड्नुभयो, र
उहाँले आफ्नै शक्तिले दक्षिणी बतास चलाउनुभयो। २७ उहाँले धूलाको
कणसरह मासु बर्षाउनुभयो, उड्ने पक्षीहरू समुद्री तटको बालुवाझैं बर्षाउनुभयो।
२८ उहाँले तिनीहरूको छाउनीभित्र ती पक्षीहरू तिनीहरूका पालको चारैतिर
आउन लगाउनुभयो। २९ तिनीहरूले खाए, र तिनीहरू तृप्त भए, किनकि उहाँले
तिनीहरूलाई तिनीहरूको इच्छाबमोजिम दिनुभएको थियो। ३० तर तिनीहरूको
तृष्णा मेटिन अघि, तिनीहरूले खाएका मासु तिनीहरूका मुखैमा हुँदा, ३१

तिनीहरूमाथि परमेश्वरको क्रोध दन्किउठ्यो। र तिनीहरूमध्येका बलवान्‌हरूलाई उहाँले मार्नुभयो, इस्राएलका युवकहरूलाई निमिट्यान्न बनाइदिनुभयो। ३२ यति हुँदा पनि तिनीहरूले पाप गरी नै रहे, उहाँका आश्चर्यकर्म हुँदाहुँदै पनि तिनीहरूले विश्वास गरेनन्। ३३ यसकारण उहाँले तिनीहरूका दिन व्यर्थतामा, र तिनीहरूका वर्षहरूचाहिँ आतङ्कमा लोप गराइदिनुभयो। ३४ जब परमेश्वरले तिनीहरूलाई मार्नुभयो, तिनीहरूले उहाँको खोजी गरे, तिनीहरू फेरि यत्नसाथ उहाँतिर फर्के। ३५ तिनीहरूलाई याद भयो कि परमेश्वर तिनीहरूको चट्टान, र सर्वोच्च परमेश्वर तिनीहरूका उद्धार गर्ने हुनुहुँदोरहेछ। ३६ तर त्यसपछि तिनीहरूले ओठले मात्र उहाँको खुशामद गरे, र आफ्ना जिब्राले तिनीहरूले उहाँसित झूट बोले। ३७ तिनीहरूका हृदय उहाँप्रति ईमानदार थिएनन्, उहाँको करारप्रति तिनीहरू विश्वस्त रहेनन्। ३८ तापनि उहाँचाहिँ दयालु हुनुभएकोले उहाँले तिनीहरूका अपराध क्षमा गर्नुभयो, र तिनीहरूलाई नष्ट पार्नुभएन। बारम्बार उहाँले आफ्नो क्रोध रोक्नुभयो, र उहाँले आफ्नो सम्पूर्ण क्रोध उत्तेजित पार्नुभएन। ३९ उहाँले यही सम्झनुभयो, कि तिनीहरू त शरीर मात्र हुन्, जो सासजस्तो निस्कन्छ र फर्किआउँदैन। ४० कति पल्ट तिनीहरू मरुभूमिमा उहाँको विरुद्ध विद्रोही भए, र उजाड-स्थानमा उहाँलाई दुःखित तुल्याए। ४१ तिनीहरूले घरीघरी उहाँको परीक्षा गरे, र इस्राएलका परमपवित्रलाई क्रुद्ध तुल्याए ४२ तिनीहरूले उहाँको शक्तिलाई स्मरण गरेनन्, त्यस दिनको पनि सम्झना गरेनन्, जुन दिन उहाँले मोल तिरेर तिनीहरूलाई तिनका अत्याचारीहरूबाट छुटकारा दिनुभयो, ४३ जुन दिन उहाँले मिश्रदेशमा आफ्ना चिन्ह देखाउनुभयो, र सोअनको मैदानमा आश्चर्यकर्महरू गर्नुभयो। ४४ उहाँले तिनीहरूका नदीहरू रगतमा परिणत गरिदिनुभयो, र तिनीहरूले नदीको पानी पिउन सकेनन्। ४५ उहाँले तिनीहरूका बीचमा झीँगाहरू पठाउनुभयो, जसले तिनीहरूलाई टोके, र भ्यागुताहरू, जसले तिनीहरूलाई उजाड पारे। ४६ उहाँले तिनीहरूका फसल फटेंग्राहरूलाई दिनुभयो, र तिनीहरूका परिश्रमको फल सलहलाई। ७ उहाँले तिनीहरूका अंगूरका बोटहरू असिनाले, र तिनीहरूका अञ्जीरका बोटहरू तुसारोले नष्ट गरिदिनुभयो। ४८ उहाँले तिनीहरूका गाईबस्तुको बथानलाई असिनाले, र तिनीहरूका भेड़ाबाखाको बगाललाई बिजुलीले प्रहार गर्नुभयो। ४९ उहाँले तिनीहरूलाई आफ्नो प्रचण्ड, क्रोध, कोप, रीस र शत्रुता- अर्थात् विनाशकारी दूतहरूको एक दल पठाउनुभयो। ५० उहाँले आफ्नो क्रोधको एउटा मार्ग तयार गर्नुभयो, र तिनीहरूलाई मृत्युबाट बचाउनुभएन, तर

तिनीहरूका प्राण महामारीलाई सुम्पनुभयो। ५१ उहाँले मिश्रदेशका सबै ज्येष्ठ सन्तानलाई, हामका पालमा जवानीको पहिलो फललाई मार्नुभयो। ५२ तर उहाँले आफ्ना मानिसहरूलाई भेड़ाहरूलाई झैं बाहिर निकालिल्याउनुभयो, र उहाँले तिनीहरूलाई भेड़ाको बगाललाई झैं उजाड-स्थानको बीचबाट अगुवाइ गर्नुभयो। ५३ उहाँले तिनीहरूलाई सुरक्षासाथ डोऱ्याउनुभयो, यसैले तिनीहरू डराएनन्। तर तिनीहरूका शत्रुहरूलाई चाहिँ समुद्रले निल्यो। ५४ यसरी परमेश्वरले तिनीहरूलाई आफ्नो पवित्र भूमिको साँधमा ल्याउनुभयो, त्यही पहाडी देशमा, जो उहाँले आफ्नो दाहिने बाहुलीले जित्नुभएको थियो। ५५ उहाँले जातिहरूलाई तिनीहरूका सामु लखेटिदिनुभयो, अनि उनीहरूका जमिन भाग-भाग गरी पैतृक-सम्पत्तिझैं इस्राएलीहरूलाई दिनुभयो, र कुल-कुललाई उनीहरूका पालमा बसाल्नुभयो। ५६ तर तिनीहरूले परमेश्वरको परीक्षा गरे, र सर्वोच्चको विरुद्धमा बागी भए, र उहाँका कानूनहरू पालन गरेनन्। ५७ तिनीहरू आफ्ना पुर्खाहरूझैं बेवफादार र विश्वासघाती बने, र भर पर्न नसकिने बिग्रेको धनुझैं भए। ५८ तिनीहरूले डाँड़ाका थानहरूमा वेदी स्थापित गरी उहाँलाई क्रोधित तुल्याए, र तिनीहरूले आफ्ना मूर्तिहरूले उहाँलाई ईर्ष्यालु बनाए। ५९ जब परमेश्वरले यो सुन्नुभयो, तब उहाँ अत्यन्त क्रोधित हुनुभयो, र इस्राएलीहरूलाई पूर्ण रूपले इन्कार गर्नुभयो। ६० उहाँले शीलोमा भएको पवित्र वासस्थान त्यागनुभयो, त्यो पाल जो उहाँले मानिसहरूका बीचमा राख्नुभएको थियो। ६१ उहाँले आफ्नो शक्तिको सन्दूक शत्रुहरूका हातमा पठाइदिनुभयो, आफ्नो गौरव शत्रुहरूका हातमा जान दिनुभयो। ६२ उहाँले आफ्नो प्रजा तरवारलाई सुम्पनुभयो, र आफ्नो उत्तराधिकारका मानिसहरूसँग औधी रिसाउनुभयो। ६३ आगोले तिनीहरूका जवानहरू भस्म पारिए, र तिनीहरूका कन्याहरूका निम्ति विवाहको गीत भएन। ४ तिनीहरूका पूजाहारीहरू तरवारले काटिए, र तिनीहरूका विधवाहरूले शोक मनाउन सकेनन्। ६५ तब परमप्रभु निद्राबाट बिउँझेझैं बिउँझनुभयो, मद्यको उन्मादबाट बिउँझेको मानिसझैं। ६६ उहाँले आफ्ना विरोधीहरूलाई तितरबितर पार्नुभयो, उहाँले उनीहरूलाई सदाको निम्ति शर्ममा पार्नुभयो। ६७ तब उहाँले योसेफका सन्तानलाई त्यागनुभयो, उहाँले एफ्राइमको कुललाई छान्नुभएन। ६८ तर उहाँले यहूदाको कुललाई चुन्नुभयो, सियोन पर्वतलाई, जसलाई उहाँले प्रेम गर्नुभयो। ६९ उहाँले आफ्नो पवित्रस्थान उच्च स्वर्गझैं बनाउनुभयो, र पृथ्वीजस्तै, जो उहाँले सदाको लागि स्थापित गर्नुभएको छ। ७० उहाँले आफ्ना दास दाऊदलाई चुन्नुभयो, र तिनलाई

**भेड़ाहरूको गोठबाट लिनुभयो। ७१ भेड़ाहरूको रखवाली गर्ने कामबाट, उहाँले दाऊदलाई याकूबका सन्तान र आफ्नो उत्तराधिकार इस्राएलको गोठालो हुनलाई ल्याउनुभयो। ७२ दाऊदले हृदयको ईमानदारीसाथ तिनीहरूलाई चराए, अनि निपुण हातले तिनीहरूको नेतृत्व गरे।"**

**यस भजनमा इस्राएल**को इतिहासको समिक्षा गरिएको छ। त्यसमा इस्राएलीहरूप्रति परमेश्वरको बफादारिता वा विश्वसनीयताको बारेमा जोडडार उल्लेख गरिएको छ भने इस्राएलीहरूको विश्वासघातको बारेमा खुलासा गरिएको छ। ती घट्नाहरूले आउँदो पुस्तालाई सिकाउनुपर्न पर्दछ र पुर्खाहरूका गल्तीहरूलाई नदोहऱ्याउन सजग गराउँछ। परमेश्वर आफ्नो करारमा भरपर्दो र विश्वासीलो हुनुहुन्छ भनेर तिनीहरूले सिकिरहनुपर्दछ। इतिहास अर्तिकथाको रूपमा **भजनका लेखकले प्रयोग गरेका छन् (भजन ७८:२)। त्यसको अर्थ, भजनका लेखकको सन्देशलाई गहिरोसँग** सोच्नुपर्दछ र त्यस सन्देश आफूहरूको निम्ति हो भनेर ती इस्राएलीहरूले महसुस गर्नुपर्दछ। येशूको अर्तिकथाद्वारा सिकाउने कलालाई (मत्ती १३:३४,३५) भजन ७८:२मा उल्लेख गरेर भविष्यवाणीको रूपमा प्रस्तुत गरिएको छ।

प्रस्थानको समयलाई (प्रस्थान ७८:९-५४) सम्झना गरेर त्यसको विवेचना भजनमा उल्लेख गरिएको छ। कनानमा तिनीहरूको बसोबास (भजन ७८:५५-६४), र दाउदको समयलाई पनि याद दिलाउँछ (भजन ७८:६५-७२)। परमेश्वरको महिमित कामहरू यसमा उल्लेखित गरिएकाछन् भने परमेश्वरसँग गरिएको करार मानिसहरूले भङ्ग गरेकाले तिनीहरूको गति के भयो सो पनि उल्लेख गरिएको छ। परमेश्वरप्रति विभिन्न तरिकाहरूले गद्दारी गरेका कहानीहरू इस्राएलको इतिहासमा कोरिएको छ। विशेष गरेर तिनीहरूको मूर्तिपुजाप्रति परमेश्वर दिक्क हुनुभएको थियो (भजन ७८:५८)।

परमेश्वरप्रति विश्वासघात गर्ने इस्राएलीहरूको जरा भजनका लेखकले जोडदार प्रकट गर्दछन्: परमेश्वरले तिनीहरूलाई के गर्नुभयो सो तिनीहरूले बिर्से, उहाँमाथि भरोसा राखेन र बरु उहाँको पो परीक्षा गरे (भजन ७८:१८,४१,५६) र उहाँको विरुद्ध बिद्रोह गरे, उहाँको व्यवस्था पालन गर्न तिनीहरू असफल भए, उहाँसँग गरिएको करारलाई र उहाँका वचन र गवाहीहरूलाई तिनीहरूले बेवास्ता गरे (भजन ७८:१०,३७,५६)। इस्राएलीहरूका विश्वासघातका विवरणहरू प्रस्तुत गरेर इतिहासमा परमेश्वरले तिनीहरूलाई त्यागनुभएको थियो भनेर बारम्बार उल्लेख गरिएको छ।

तिनीहरूमा भएको मुख्य पाप वा परमेश्वरमाथि भरोसा राख्नुमा असफल हुँदाको नतिजाले इस्राएलीहरूले दुःखकष्ट पाएका थिए (भजन ७८:७,८)।

परमेश्वरको असिमित धैर्यता, प्यार र अनुग्रहको विपरित इस्राएलीहरूको निरन्तर हठी स्वभाव र आत्मिक अन्धोपनदेखि सबै जना चकित हुनु स्वभाविकै हो। नयाँ पुस्ताहरूले आफ्ना पूर्खाहरूबाट कसरी सिक्ने?

इस्राएलीहरूको विगतको इतिहास पढेर तिनीहरू कस्ता मानिसहरू रहेछन् भनेर तिनीहरूप्रति दिक्क हुनुभन्दा पहिले हामीले पहिले आफूहरूलाई नै हेर्नुपर्दछ। के हामीहरूले हामीहरूप्रति परमेश्वरले गर्नुभएको अचम्मका कामहरूलाई बिर्सिने बानी छैन र र उहाँसँग गरिएको करार वा बप्तिस्मामा गरिएको शपथलाई बेवास्ता गरिरहेका छैनौं र? आफ्नै काम, धर्मकर्महरूमा भर पर्न भजनका लेखकले हामीलाई भनेको छैन। मानिसहरूको आफ्नै प्रयासहरू कतिको बेकार रहेछ भनेर भजन ७८ले देखाउँछ। हामी पनि परमेश्वरको बफादारीताप्रति निरन्तर रूपमा सजग भइरहनुपर्दछ र उहाँको अनुग्रहलाई हामीले हाम्रा हृदयमा सजाइ राख्नुपर्दछ। नत्र भने हामी पनि विगतका इस्राएलीहरूको गतिभन्दा गतिलो हुनेछैनौं। परमेश्वरका जनहरूको असफल संग्राम (भजन ७८:९,६२-६४) किन भयो वा (असफल इसाई किन भयो)? भन्दा परमेश्वरको बफादारबाट अलग भएर मानवीय प्रयासहरूमा भर परेको कारणले हो। हाम्रो जीवनमा परमेश्वरको सहभागी बिना हाम्रो जीवन नै विनाशको पथमा लम्किरहेको हुन्छ।

***तपाईंको विगतका भूलहरूले तपाईंले के पाठहरू सिक्नुभएको छ?***

## २. इतिहास सम्झनु र परमेश्वरको स्तुतिप्रशंसा गर्नु

**भजन १०५मा के ऐतिहासिक घट्नाहरू उल्लेख गरेकाछन् र तिनीहरूबाट के पाठहरू सिक्न जोड गरिएको छ? हेर्नुहोस्, "१ परमप्रभुलाई धन्यवाद चढ़ाओ, उहाँका नाउँको पुकार गर, जातिहरूका बीचमा उहाँले गर्नुभएका कार्यहरू प्रचार गर। २ उहाँको निम्ति गाओ, उहाँको निम्ति प्रशंसाको भजन गाओ, उहाँका सबै आश्चर्यकर्महरूको बयान गर। ३ उहाँको पवित्र नाउँमा तिमीहरू गौरव गर, परमप्रभुलाई खोज्नेहरूका हृदय आनन्दित होऊन्। ४ परमप्रभु र उहाँका शक्तिको खोजी गर, उहाँको दर्शन निरन्तर खोज। ५ उहाँले गर्नुभएका अचम्मका कामहरू स्मरण गर, उहाँका आश्चर्यकर्म र उहाँले सुनाउनुभएका फैसलाहरू स्मरण गर, ६ हे उहाँका दास अब्राहामको वंश, हे याकूबका सन्तान,**

उहाँका चुनिएका हो। ७ उहाँ परमप्रभु हाम्रा परमेश्‍वर हुनुहुन्छ, समस्त पृथ्वीमा
उहाँका फैसलाहरू रहन्छन्। ८ उहाँ आफ्नो करार सदा स्मरण गर्नुहुन्छ, त्यो
वचन जो उहाँले हजारौं पुस्ताहरूलाई दिनुभएको थियो, ९ त्यही करार, जो उहाँले
अब्राहामसँग बाँध्नुभयो, त्यही शपथ, जो उहाँले इसहाकसँग गर्नुभएको थियो, १०
जो उहाँले आदेशको रूपमा याकूबसित पुष्टि गर्नुभयो, र इस्राएलसँग यसो भनेर
अनन्त करारको रूपमा बाँध्नुभयोः ११ "तिमीलाई म कनान देश दिनेछु, त्यो
उत्तराधिकार तिम्रो अंश हुनेछ।" १२ जब तिनीहरू गन्तीमा थोरै मात्र थिए, साह्रै
थोरै, र त्यसमा पनि विदेशी थिए, १३ तिनीहरू एक राष्ट्रबाट अर्को राष्ट्रमा, र
एक राज्यबाट अर्को राज्यमा फिरन्ता भई हिँड्थे। १४ उहाँले कसैलाई पनि
तिनीहरूमाथि अत्याचार गर्न दिनुभएन। तिनीहरूका खातिर उहाँले राजाहरूलाई
पनि यसो भनेर हप्काउनुभयो, १५ "मेरा अभिषेक भएकाहरूलाई नछोओ, र मेरा
अगमवक्ताहरूलाई केही हानि नगर।" १६ उहाँले त्यस देशमा अनिकाल
पठाउनुभयो, र अन्नका सारा आपूर्ति नै नष्ट गरिदिनुभयो। १७ उहाँले योसेफ
नाउँ भएका एक जनालाई तिनीहरूका अगि पठाउनुभयो, जो कमारा हुनलाई
बेचिएका थिए। १८ तिनको खुट्टामा तिनीहरूले नेल ठोकेर दुःख दिए, र तिनको
गलामा फलामको जन्जीर लगाइदिए, १९ जबसम्म तिनको वचन पूरा भएन, तथा
परमप्रभुको वचनले तिनलाई सच्चा प्रमाणित गरेन। २० राजाले मानिस पठाएर
तिनलाई छुटकारा गरिदिए, जनताका शासकले तिनलाई बन्धनबाट मुक्त गरे।
२१ राजाले तिनलाई आफ्नो राजभवनका प्रधान बनाए, र आफ्ना सबै सम्पत्तिका
शासक तुल्याए, २२ उनका राजकुमारहरूलाई तिनले चाहेजस्तो सिकाउनलाई, र
उनका बुढापाकाहरूलाई ज्ञानका कुरा सिकाउनलाई। २३ तब इस्राएल
मिश्रदेशमा प्रवेश गरे, र याकूब हामको देशमा प्रवासीको रूपमा बसे। २४
परमेश्‍वरले आफ्ना प्रजालाई ज्यादै फलवन्त बनाउनुभयो, तिनीहरूको शत्रुभन्दा
तिनीहरूको सङ्ख्या अझ बढ़ी बनाउनुभयो। २५ परमेश्‍वरले मिश्रीहरूका
हृदयलाई उहाँका दासहरूलाई घृणा गर्न परिवर्तन गर्नुभयो, आफ्ना सेवकहरूका
विरुद्ध षड्यन्त्र गर्ने मन उनीहरूलाई दिनुभयो। २६ उहाँले आफ्ना दास मोशा र
आफूले चुन्नुभएका हारूनलाई पठाउनुभयो। २७ तिनीहरूले उनीहरूका बीचमा
उहाँका आश्‍चर्यका चिन्हहरू, र हामको देशमा आश्‍चर्यका कामहरू देखाए। २८
उहाँले अन्धकार पठाउनुभयो, र समस्त देशमा अँध्यारो छायो, किनकि उनीहरूले
उहाँका वचनको विरोध गरेका थिए। २९ उहाँले उनीहरूका पानीहरूलाई रगत
बनाउनुभयो, र उनीहरूका माछाहरू मरे। ३० भ्यागुताका बथान उनीहरूको

देशमा आएर शासकहरूका शयन कक्षासम्म पनि पुगे। ३१ उहाँले आज्ञा गर्नुभयो, र सारा देश झींगा र भुसुनाले भरियो। ३२ उहाँले वृष्टिलाई असिनामा परिवर्तन गर्नुभयो, र उनीहरूको देशभरि बिजुली चम्काउनुभयो। ३३ उहाँले उनीहरूका दाख र अञ्जीरका बोटहरू ध्वंस पारिदिनुभयो, र उनीहरूको देशका रूखहरू ढाल्नुभयो। ३४ उहाँले आज्ञा गर्नुभयो, र सलहहरू र अनगिन्ती फटेंग्राहरू आए। ३५ तिनीहरूले उनीहरूको देशका सबै वनस्पति, र उनीहरूको भूमिका फल खाइदिए। ३६ अनि उहाँले उनीहरूको देशका सबै ज्येष्ठ सन्तान, उनीहरूको पौरखका पहिला फलहरूलाई नाश गर्नुभयो। ३७ उहाँले सुन र चाँदीसहित इस्राएलीहरूलाई बाहिर निकाल्नुभयो, र तिनीहरूका कुलमध्येको कसैले पनि ठोकर खाएन। ८ तिनीहरू निस्किगएकामा मिश्रदेश खुशी भयो, किनभने इस्राएलको भय उनीहरूमाथि परेको थियो। ३९ उहाँले आवरणको निम्ति बादल फिंजाउनुभयो, र राती उज्यालो दिनलाई आगो दिनुभयो। ४० तिनीहरूले मागे, र उहाँले तिनीहरूलाई बट्टाई चराहरू दिनुभयो, र स्वर्गको रोटी तिनीहरूलाई प्रशस्त मात्रामा दिनुभयो। ४१ उहाँले चट्टान फोर्नुभयो, र पानी फुटिनिस्क्यो, र मरुभूमिमा नदीझैं बग्यो। ४२ किनभने उहाँले आफ्ना सेवक अब्राहामलाई दिनुभएको पवित्र प्रतिज्ञा स्मरण गर्नुभयो। ४३ उहाँले आफ्ना मानिसहरूलाई आनन्दसाथ, आफ्ना चुनिएकाहरूलाई जयजयकारको ध्वनिसाथ ल्याउनुभयो। ४४ उहाँले तिनीहरूलाई जाति-जातिहरूका देश दिनुभयो, र अरू मानिसहरूका परिश्रमको फल तिनीहरूले आफ्नो अधिकारमा पारे। ४५ तिनीहरूले उहाँका आदेशहरू पालन गरून्, र उहाँका नियमहरूलाई मानून् भनेर नै यी सब भए। परमप्रभुको प्रशंसा गर।"

प्रभु र उहाँका इस्राएली जनहरूसँग भएको करारको सम्बन्धको नतिजाले घटेका विभिन्न मुख्य घट्नाहरूको सिंहावलोकन भजन १०५मा प्रस्तुत गरिएको छ। परमेश्वरले अब्राहमसँग गर्नुभएको करारमा उनलाई र उनका वंशलाई प्रतिज्ञा गरिएको देश दिने वाचा थियो। इसहाक र याकूबलाई त्यही करार पूष्टि गरिएको थियो। युसूफ, मोशा, हारुनको सक्रियतामा इस्राएलीहरू कनानमा विजय प्राप्त गर्दा त्यो करार पूरा भएको थियो। परमेश्वरका जनहरूका सबै पुष्टाहरूलाई आशा दिइएको छ भनेर भजनले बताउँदछ किनभने विगतको समयमा परमेश्वरको अचम्मको कामले नै आफ्ना जनहरूप्रति सदाकाल अपरिवर्तनीय प्रेम उपलब्ध छ भन्ने जमानत वा ग्यारेन्टी थियो (भजन १०५:१-५,७,८)।

भजन १०५ भजन ७८सँग मिल्दछ। उहाँका जनहरूको इतिहासमा परमेश्वरको बफादारितालाई दुवै भजनहरूले जोड दिएका छन्। परमेश्वरको महिमा गर्न र उहाँप्रति बफादार हुन प्रेरणा मिलोस् भनेर ती विवरणहरू प्रस्तुत गरेका थिए। तर भजन ७८मा जस्तै भजन १०५मा मानिसहरूका विगत भुलहरू उल्लेख गरिएको छैन। भजन १०५को उद्देश्य फरक भएको पाइन्छ।

भजन १०५ मा बरु इस्राएलका महान् कुलपिताहरूका जीवनीहरू प्रस्तुत गरिएको छ। तिनीहरूको धैर्यता र कठोरमा पनि अटल हुने स्वभाव परमेश्वरबाट पाएका थिए भनेर त्यस भजनमा उल्लेख गरिएको छ। कुलपिताहरूका निरन्तर प्रयास र परमेश्वरप्रति बफादारिताले गर्दा तिनीहरूलाई ठुलो इनाम मिलेको थियो। यसरी भजन १०५मा कुलपिताहरूको विश्वास र परमेश्वरप्रतिको भरोसाको अनुसरण गर्नुपर्छ भनेर आह्वान गर्दछ। त्यसले गर्दा कष्टको बेलामा उद्धार पाउन मानिसहरू पर्खिन सकून्।

भजन १०५मा परमेश्वरको भजन गाउने नै उल्लेख गरिएको छ (भजन १०५:१-७)। परमेश्वरको स्तुतिप्रशंसा सही अर्थमूलक तरिकाले गर्न परमेश्वरका जनहरूले तिनीहरूको इतिहास थाहा पाउनुपर्छ भनेर त्यस भजनको आशय छ। हाम्रो विश्वासले कतिको मान्यता पाएको छ र गिन्ती नै गर्न नसक्ने कारणहरूले गर्दा परमेश्वरको स्तुति प्रशंसा किन गर्नुपर्छ भनेर हाम्रो इतिहासले बताउँछ।

परमेश्वरलाई आराधना गर्नेहरू अब्राहम र याकूबका सन्तान हुन् भनेर सम्बोधन गरिएको छ। अब्राहमबाट ठुलो राष्ट्र बनाउने परमेश्वरको प्रतिज्ञा (उत्पत्ति) हामीबाट पूरा हुन्छ भन्ने मनस्थितिमा हामी हुनुपर्दछ। अब्राहम, इस्साहक, याकूब कुलपिताबाट परमेश्वरको प्रतिज्ञा सर्दै सर्दै उहाँका जनहरू र तिनीहरूका पुस्ताहरूमा निहित हुने छ भनेर भजनका लेखकले उल्लेख गर्दछन्। परमेश्वरका न्याय वा फैसला यस पृथ्वीका सबै मानिसहरूमा लागु हुन्छ भनेर भजनका लेखकले जिकिर गर्दछन् (भजन १०५:७)। हाम्रा परमेश्वर सारा पृथ्वीका सार्बभौम परमेश्वर हुनुहुन्छ भनेर र उहाँको प्रेम सबै मानिसहरूमा फैलिन्छ भन्ने ज्ञान उहाँका उपासकहरूले नबिर्सून भनेर लेखकले सुनाउँछन् (भजन ९६:१, भजन ९७:१)। प्रत्येक पुस्ताका विश्वासीहरू परमेश्वरप्रति बफादार हुनुपर्दछ भन्ने स्पष्ट आह्वान भजनका लेखकले दिन चाहेको आभास हामी पाउँछौं।

*अब्राहम र कुलपतिहरूको पङ्क्तिमा सेभेन्थ-डे एडभेन्टिस्टहरूको स्थान कहाँ छ भनेर हामीले कसरी ठान्ने? गलाती ३:२९मा लेखिएको छ, "यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।" यस परिवेशमा इतिहासबाट हामीले के पाठहरू सिक्नुपर्दछ?*

## ३. इतिहासलाई सम्झनु र पश्चात्ताप गर्नु

भजन १०६ मा ऐतिहासिक घट्नाहरू उल्लेख गरेका छन्। तिनीहरू के उल्लेखनीय पाठहरू छन्? हेर्नुहोस्, "१ परमप्रभुको प्रशंसा गर। परमप्रभुमा धन्यवाद चढ़ाओ, किनकि उहाँ भला हुनुहुन्छ, उहाँको करुणा सधैंभरि रहन्छ। २ परमप्रभुको पराक्रमी कामहरूको बयान कसले गर्न सक्छ? उहाँको प्रशंसा सम्पूर्ण रूपले कसले घोषणा गर्न सक्छ? ३ तिनीहरू धन्यका हुन्, जो न्यायमा चल्दछन्, जो सधैं सदाचरण गर्दछन्। ४ हे परमप्रभु, आफ्नो प्रजामाथि निगाह गर्नुहुँदा मलाई सम्झनुहोस्, तिनीहरूको उद्धार गर्नुहुँदा मलाई पनि सहायता गर्नुहोस्, ५ र तपाईंका चुनिएकाहरूको सुख-शान्ति देख्न पाऊँ, र तपाईंका जातिको हर्षमा सहभागी हुन सकूँ, अनि तपाईंको उत्तराधिकारका मानिसहरूसँग मिली तपाईंको प्रशंसा गर्न सकूँ। ६ हाम्रा पुर्खाहरूले जस्तै हामीले पनि पाप गरेका छौं। हामीले अपराध गरेका छौं, हामीले दुष्ट्याइँ गरेका छौं। ७ हाम्रा पुर्खाहरूले मिश्रदेशमा छँदा तपाईंका आश्चर्यकर्महरूको ख्यालै गरेनन्, तपाईंको प्रशस्त करुणा तिनीहरूले सम्झेनन्, र लाल समुद्रको किनारमा तिनीहरूले सर्वोच्च परमेश्वरको विद्रोह गरे। ८ तापनि आफ्नो महापराक्रम प्रकट होस् भनेर, उहाँले आफ्नो नाउँको खातिर तिनीहरूलाई बचाउनुभयो। ९ उहाँले लाल समुद्रलाई हप्काउनुभयो, र त्यो सुकिहाल्यो। यसरी उहाँले तिनीहरूलाई मरुभूमिको बाटोजस्तै गरी गहिरो ठाउँबाट डोऱ्याएर लैजानुभयो। १० उहाँले तिनीहरूलाई शत्रुको हातबाट बचाउनुभयो, शत्रुको हातबाट तिनीहरूलाई छुटाउनुभयो। १ तिनीहरूका विरोधीहरूलाई पानीले छोप्यो, उनीहरूमध्ये एक जना पनि बाँचेन। १२ तब तिनीहरूले उहाँका वचनमाथि विश्वास गरे, र उहाँको प्रशंसा गरे। १३ तर तिनीहरूले चाँड़ै उहाँका कार्यहरू बिर्सिहाले, र उहाँका सल्लाहको प्रतीक्षा तिनीहरूले गरेनन्। १४ उजाड-स्थानमा तिनीहरूले आफूलाई आफ्नो तृष्णाको वशमा सुम्पिए, र तिनीहरूले मरुभूमिमा परमेश्वरको परीक्षा गरे। १५ यसर्थ तिनीहरूले मागेका कुरा उहाँले तिनीहरूलाई दिनुभयो, तर तिनीहरूका बिचमा

शिथिलताको रोग पठाइदिनुभयो। १६ छाउनीमा तिनीहरू मोशासित र
परमप्रभुमा अर्पण गरिएका हारूनसँग डाहा गरे। १७ धरती फाटेर दातानलाई
निल्यो, र अबीरामको दललाई पुरिदियो। १८ तिनीहरूका समर्थकहरूका बीचमा
आगो दन्किउठ्यो, आगोको ज्वालाले दुष्टहरूलाई भस्म पा‍र्‍यो। १९ होरेबमा
तिनीहरूले बाछा बनाए, र धातुको मूर्ति पूजा गरे। २० यसरी तिनीहरूले आफ्नो
गौरवलाई घाँस खाने गोरुको मूर्तिसँग साटे। २१ तिनीहरूले आफ्ना उद्धारकर्ता
परमेश्‍वरलाई बिर्से, जसले मिश्रदेशमा महान् कार्यहरू गर्नुभएको थियो, २२ जसले
हामको देशमा आश्‍चर्यकर्महरू, र लाल समुद्रको किनारमा भयङ्कर काम
गर्नुभएको थियो। २३ यसकारण उहाँले तिनीहरूलाई नाश गर्छु भन्नुभएको
थियो, तर उहाँको विनाश पार्ने क्रोध हटाउनलाई उहाँका चुनिएका जन मोशा
उहाँको सामुन्ने खड़ा भए। २४ तब तिनीहरूले सुन्दर देशलाई तुच्छ ठाने,
तिनीहरूले उहाँको प्रतिज्ञामा विश्‍वास गरेनन्। २५ तिनीहरू आफ्ना पालहरूमा
गनगनाए, र परमप्रभुको आज्ञापालन गरेनन्, २६ यसकारण तिनीहरूलाई उजाड-
स्थानमा विनाश पार्छु भनी उहाँले हात उचालेर शपथ हाल्नुभयो, २७ अनि
तिनीहरूका वंशलाई जातिहरूका बीचमा छरपष्ट पार्छु, र तिनीहरूलाई देश-
विदेशमा तितरबितर पार्छु भन्नुभयो। २८ तिनीहरूले पोरको बाल देवताको पूजा
गरे, र निर्जीव देवताहरूलाई चढ़ाएका बलिका थोकहरू खाए। २९ तिनीहरूले
आफ्ना दुष्ट कामले परमप्रभुलाई क्रोधित पारे, र तिनीहरूमा रूढ़ी फैलियो। ३०
तर पीनहास उठेर मध्यस्थता गरे, र यसैले रूढ़ी थामियो। ३१ अनि यो तिनको
निम्ति पुस्तौंसम्म सदाको लागि धार्मिकता गनियो। ३२ तिनीहरूले मेरीबाका
पानीको नजिक पनि परमप्रभुलाई क्रोधित तुल्याए, र तिनीहरूले गर्दा मोशाको
खराबी हुन गयो। ३३ किनभने तिनीहरू परमेश्‍वरका आत्माको विरुद्धमा बागी
भएका थिए, र मोशाको मुखबाट अनर्थ कुरा निस्के। ३४ परमप्रभुको
आज्ञाअनुसार तिनीहरूले अन्यजातिहरूलाई नाश गरेनन्। ३५ तर तिनीहरू
जाति-जातिहरूसँग मिसिए, र तिनीहरूका रीतिहरू अपनाए। ३६ तिनीहरूले
उनीहरूका मूर्तिहरू पुजे, र ती तिनीहरूका निम्ति पासो बने। ३७ तिनीहरूले
आफ्ना छोराछोरीहरूलाई भूतात्माहरूलाई बलि चढ़ाए। ३८ तिनीहरूले
निर्दोषको रगत, अर्थात् आफ्नै छोराछोरीहरूको रगत बगाए, जसलाई तिनीहरूले
कनानका मूर्तिहरूका निम्ति बलि चढ़ाए। र तिनीहरूको रगतले धरती अपवित्र
भयो। ३९ यसरी तिनीहरू आफ्नै कामले अशुद्ध भए, र आफ्ना कामले गर्दा
तिनीहरू व्यभिचारी बने। ४० त्यसकारण आफ्नो प्रजामाथि परमप्रभुको क्रोध

दन्क्यो, र उहाँले आफ्नो उत्तराधिकारका मानिसहरूलाई घृणा गर्नुभयो। ४१ अनि उहाँले तिनीहरूलाई अन्य जातिहरूका हातमा दिनुभयो, र तिनीहरूका शत्रुहरूले तिनीहरूमाथि शासन गरे। ४२ तिनीहरूका शत्रुहरूले पनि तिनीहरूलाई अत्याचार गरे, र तिनीहरूलाई आफ्नो शक्तिको वशमा पारे। ४३ धेरै चोटि उहाँले तिनीहरूलाई छुटाउनुभयो, तर तिनीहरू आफ्नै विद्रोहपूर्ण युक्तिमा चल्दैगए, र तिनीहरू आफ्नै अधर्मले पतन हुँदैगए। ४४ तर उहाँले तिनीहरूको दुहाई सुनेर तिनीहरूको सङ्कष्टमा नजर फिराउनुभयो। ४५ तिनीहरूका खातिर आफ्नो करार उहाँले स्मरण गर्नुभयो, र आफ्नो प्रशस्त करुणाअनुसार दयालु हुनुभयो। ४६ तिनीहरूलाई कैद गर्नेहरू सबैका नजरमा तिनीहरूलाई दयाको पात्र बनाउनुभयो। ४७ हे परमप्रभु हाम्रा परमेश्‍वर, हामीलाई बचाउनुहोस्। तपाईंको पवित्र नाउँमा धन्यवाद चढ़ाऊन्, र तपाईंको प्रशंसामा गौरव गरून् भनेर, हामीहरूलाई जातिहरूका बीचबाट एकत्र गर्नुहोस्। ४८ परमप्रभु इस्राएलका परमेश्‍वरको प्रशंसा अनादिदेखि अनन्तसम्मै भइरहोस्। र सबै मानिसहरूले भनून्, "आमेन।" परमप्रभुको प्रशंसा गर।

भजन १०६ले पनि इस्राएलको इतिहासका मुख्य मुख्य घट्नाहरू प्रस्तुत गर्दछ। प्रस्थान, मरुभूमिमा यात्रा र कनानमा इस्राएलीहरूले बिताएको जीवनको बारेमा उल्लेख गरिएको छ। पूर्खाहरूको जघन्य पाप र अपराध भावी पुस्ताहरूमा पनि सरेकोले तिनीहरू निर्वासनमा जानुपरेको पनि यस अध्यायमा जोड गर्दछ। यो भजन इस्राएलीहरू बेबिलोनमा निर्वासन जीवन बिताएको बेलामा वा तिनीहरू आफ्नो देशमा फर्केको बेलामा रचिएको हुनसक्छ। पवित्र आत्माको प्रेरणाद्वारा परमेश्वरका जनहरूको ऐतिहासिक विवरण लेखेका हुन्। परमेश्वरका जनहरूले विगतको इतिहासबाट पाठहरू सिकून् भन्ने उद्देश्यले ती घट्नाहरू लेखिएका हुन्।

यस भजनमा पनि आफ्नो अनुग्रहको करारप्रति परमेश्वर बफादार हुनुभएको औंल्याउँछ। उहाँकै सक्रियतामा ती जनहरू विगतसमयमा उद्धार गर्नुभएको थियो। उहाँका पश्चात्तापी जनहरूप्रति उहाँको निगाहा उपलब्ध छ र विभिन्न राष्ट्रहरूबाट उहाँका भक्तजनहरू जम्मा गरिनेछ भन्ने आशा यस भजनमा दिलाएको छ (भजन १०६:४७)। उद्धार पाउन परमेश्वरसित गरिएको निगाहाको बिन्ति कुनै मनगढन्ते, हावादारी वा चाहनामात्र होइन। तर विगतको इतिहासमा परमेश्वरको उद्धारीय कार्यको विश्‍वसनीयतामा आधारित वर्तमान उद्धारको निम्ति गरिएको प्रार्थना हो। परमेश्वरका जनहरूले बाँधेको करारप्रति

विगत समयमा उहाँ बफादार हुने निरन्तर स्वभाव भएकोले अहिले पनि उहाँको प्रतिवद्धता जारी छ (भजन १०६:१-३) भनेर आशावादी भएर प्रार्थना गर्नुपर्छ भन्ने यस भजनले आह्वान गर्दछ।

इस्राएलीहरूको ऐतिहासिक असफलहरूलाई भजन १०६ मा दोहोऱ्याइएको विषेश कारण छ। बर्तमान भक्त जनहरूका पापहरूको स्वीकार र तिनीहरूका पूर्खाहरूभन्दा आफूहरू पनि असल नभएको मानेर नै लेखिएको हो। वर्तमान पुस्ता अझ पहिलेको भन्दा धेरै खराब छ किनभने विगतका पुस्ताहरूका पापहरूले गर्दा तिनीहरू परमेश्वरतिर फर्किन झन्झत मानेको पाइन्छ। विगतका मानिसहरूले जानाजानि दुष्ट मार्गहरूमा लागेतापनि परमेश्वरको धैर्यता र अनुग्रद्वारा तिनीहरूलाई उद्धार गरेको बृतान्त वर्तमान पुस्तालाई थाहा छ। यो केवल इस्राएलीहरूको निम्ति मात्र होइन, हाम्रो निम्ति पनि सत्य हो। परमेश्वरको चरित्र र हामीलाई मुक्ति दिने अनुग्रह येशूले क्रूसबाट प्रकट गरिएको इतिहास हाम्रो माझमा छ। मानिसहरूले जतिसुकै जघन्य पाप वा अपराध गरेतापनि (भजन १०६:८-१०,३०) तिनीहरूको पापको बाबजुद पनि परमेश्वरको अटल प्रेम जारी नै छ भन्ने सन्देश हाम्रो निम्ति शुभसन्देश भएको मान्नुपर्दछ। मोशा र फिनियासले परमेश्वरसँग बिन्ति गरेर उहाँको क्रोध शान्त गरिएको थियो। यसले येशू पनि उहाँका विश्वासीहरूको निम्ति गर्नुहुने प्रार्थनाको अर्थपूर्णतालाई बुझाउँछ। बिगतमा परमेश्वरले देखाउनु भएको अनुग्रहलाई व्यक्तिगत रूपमा हामीले अहिले अनुभव गर्न सकियो भने मात्र हाम्रो जीवन पनि परिवर्तित हुनसक्छ। भजन १०६ हाम्रो पनि हुन सक्छ।

***भजन १०६:१३मा लेखिएको छः " तर तिनीहरूले चाँडै उहाँका कार्यहरू बिर्सिहाले, र उहाँका सल्लाहको प्रतीक्षा तिनीहरूले गरेनन्।" हाम्रो जीवनमा पनि यही बिर्सिने बानी किन सजिलो छ?***

## ४. परमेश्वरको बिरुवाको अर्तिकथा

**भजन ८० पढ्नुहोस्। यसमा परमेश्वरका जनहरूको चित्रण गरिएको छ। तिनीहरूले कुन महान् आशाको निम्ति बिन्ति गर्दछन्? हेर्नुहोस्, "१ हे इस्राएलका गोठाला, कान थाप्नुहोस्, तपाईं, जसले योसेफलाई भेड़ाको बगाललाई झैं अगुवाइ गर्नुहुन्छ। तपाईं, जो करूबहरूका बीचमा विराजमान हुनुहुन्छ, प्रकाशमान् हुनुहोस्। २ एफ्राइम, बेन्यामीन र मनश्शेको सामुन्ने आफ्नो सामर्थ्य**

जगाउनुहोस्, र हामीलाई बचाउन आउनुहोस्। ३ हे परमेश्वर, हामीलाई
पुनर्स्थापना गर्नुहोस्, आफ्नो मुहार हामीमाथि चम्काउनुहोस्, र हामी बाँच्न सकौं।
४ हे परमप्रभु, सर्वशक्तिमान् परमेश्वर, आफ्नो प्रजाका प्रार्थनाको विरुद्ध तपाईंको
क्रोध कहिलेसम्म दन्किरहन्छ? ५ तपाईंले तिनीहरूलाई आँसुको रोटी
खुवाउनुभएको छ, र पिउनलाई आँसु प्रशस्त मात्रामा दिनुभएको छ। ६ तपाईंले
हामीलाई छिमेकीहरूका लागि झगड़ाको स्रोत तुल्याउनुभएको छ, र हाम्रा
शत्रुहरूले हामीलाई गिल्ला गर्छन्। ७ सर्वशक्तिमान् परमेश्वर, हामीलाई
पुनर्स्थापना गर्नुहोस्, आफ्नो मुहार हामीमाथि चम्काउनुहोस्, र हामी बाँच्न सकौं।
८ तपाईंले मिश्रदेशबाट एउटा दाखको बोट ल्याउनुभयो, तपाईंले अरू
जातिहरूलाई धपाएर त्यो बोट रोप्नुभयो। ९ तपाईंले त्यसको निम्ति भूमि तयार
पार्नुभयो, र त्यसको जरो गड्यो र त्यो देशभरि फैलियो। १० पहाड़हरू त्यसको
छायाले ढाकिए, र त्यसका हाँगाबिँगाले शक्तिशाली देवदारुका रूखहरू छोपिए।
११ त्यसका हाँगाहरू समुद्रसम्म गए, अनि त्यसका मुनाहरूचाहिँ यूफ्रेटिस
नदीसम्मै फैलिए। १२ त्यसका पर्खालहरू तपाईंले किन भत्काइदिनुभएको छ, र
त्यहाँबाट जाने सबैले त्यसको फल टिपून्? १३ जङ्गलको बनेलले त्यसलाई नष्ट
पार्छ, र जङ्गली जनावरहरू त्यसमा चर्छन्। १४ सर्वशक्तिमान् परमेश्वर, हाम्रा
बीचमा फेरि फर्कनुहोस्। स्वर्गबाट तल दृष्टि गर्नुहोस्, यस दाखका बोटको
हेरचाह गर्नुहोस्– १५ तपाईंको आफ्नो दाहिने बाहुलीले रोप्नुभएको त्यस
बिरुवाको त्यस छोराको, जसलाई तपाईंले आफ्नो लागि हुर्काउनुभएको छ। १६
तपाईंका दाखको बोट काटेर ढालिएको छ, आगोले डढ़ाइएको छ। तपाईंको
हप्कीमा तपाईंका जनहरू नष्ट हुन्छन्। १७ तपाईंको दाहिने पट्टिको
मानिसमाथि तपाईंको हात रहोस्, त्यो मानिसको पुत्रमाथि जसलाई तपाईंले
आफ्नो निम्ति खड़ा गर्नुभएको छ। १८ तब हामी तपाईंबाट कहिल्यै पिठिउँ
फर्काउनेछैनौं, हामीलाई नयाँ जीवन प्रदान गर्नुहोस्, र हामी तपाईंका नाउँको
पुकार गर्नेछौं। १९ हे परमप्रभु, सर्वशक्तिमान् परमेश्वर, हामीलाई पुनर्स्थापना
गर्नुहोस्, आफ्नो मुहार हामीमाथि चम्काउनुहोस्, र हामी बाँच्न सकौं।"

मिश्र देशबाट उखारेर ल्याएको बिरुवाको बगैंचा इस्राएल हो भनेर यस भजनमा चित्रण गरिएको छ। तिनीहरूलाई दमनकारी भूमिबाट प्रशस्त फल भएको प्रतिज्ञा गरिएको देशमा परमेश्वरले ल्याउनुभएको थियो। बगैंचा भन्ने चित्रणले इस्राएलीहरूलाई परमेश्वरले रोज्नुभएको देखाउँछ र तिनीहरूले उहाँले नै हेरचाह गर्नुभएको थियो (उत्पत्ति ४९:११,१२,२२, व्यवस्था

७:७-११)। तर, परमेश्वरको बगैंचामा उहाँकोफ क्रोध बग्निएको छ भनेर भजन ८०:१२ले बताउँछ। बगैंचाको बिनाश भनेको परमेश्वरको न्याय त्यहाँ भएको थियो भनेर अगमवक्ताले बताउँछन् किनकि त्यस बगैचाका बिरुवाहरू खराब भएको थियो (यशैया ५:१-७, यर्मिया २:२१)।

तर भजन ८०ले परमेश्वरको न्यायको बारेको कारण बताएको छैन। परमेश्वरको गहिरो र अपार अनुग्रहको बाबजुद पनि मानिसहरूको बिचमा उहाँको उपस्थिति लामो समयसम्म नहुनु भएको महसुस गर्नुपर्दा अगमवक्ता अलमलिन पुगेका थिए। परमेश्वरको क्रोध र उहाँको न्यायको बिचमा र उहाँको अनुग्रह र क्षमाशीलतामा भइरहेको तनावले गर्दा उहाँको क्रोधले जित्नेछ र उहाँका जनहरू सदाको निम्ति पूरै **नागन्ती** ६श हुनेछ भन्ने डर लेखकलाई भएको थियो (भजन ८०:१६)।

**गन्ती ६:२२-२७मा लेखिएको आशिषलाई भजन ८०मा कसरी प्रयोग गरिएको छ? हेर्नुहोस्: " २२ परमप्रभुले मोशालाई भन्नुभयो, २३ "हारून र त्यसका छोराहरूलाई भन्, 'इस्राएलीहरूलाई तिमीहरूले आशीर्वाद दिँदा यसो भन्नूः २४ परमप्रभुले तिमीहरूलाई आशिष् दिऊन्, र तिमीहरूलाई रक्षा गरून्। २५ परमप्रभुले आफ्नो मुख तिमीहरूमाथि चम्काऊन्, र तिमीहरूलाई अनुग्रह गरून्। २६ परमप्रभुले आफ्नो चेहरा तिमीहरूमाथि प्रकाश गरून्, र तिमीहरूलाई शान्ति दिऊन्'। २७ "यसरी नै तिनीहरूले इस्राएलीहरूमाथि मेरो काम कायम राख्नेछन्, र म तिनीहरूलाई आशिष् दिनेछु।"**

हारुन र उनका छोराहरूले पाएका प्रतिज्ञाले परमेश्वरका जनहरूलाई दिएको निरन्तर आशिष कायम हुने बताउँछ (गन्ती ६:२२-२७)। मानिसहरूले पाउने दुःखकष्ट वा दयनीय अवस्थामाथि परमेश्वरको अनुग्रहले बिजय पाउनेछ भन्ने आशालाई यस आशिषमा पल्हाइ दिएको छः "हामीलाई पुनर्स्थापित गर्नुहोस्, हे परमेश्वर; हजुरको मुहार हामीमा चम्काउनुहोस्, र हामीले मुक्ति पाउनेछौं!" भजन ८०:३, भजन ८०:७,१९।

हिब्रू भाषाको "पुनर्स्थापित" भन्ने शब्द "फर्कनु" भन्ने साधारण शब्दबाट आएको हो। यो शब्द बाइबलमा बारम्बार प्रयोग गरिएको छ। उहाँका बरालिएका जनहरू उहाँतिर फर्किन उहाँले आह्वान गर्नुहुन्छ। यो पश्चात्ताप भन्ने शब्दसँग नजिकै जोडिएको छ। पापलाई त्यागेर परमेश्वरतिर फर्किने धारणा यो शब्दको छ। " म नै परमप्रभु हुँ भनी चिन्ने हृदय तिनीहरूलाई म दिनेछु। अनि तिनीहरू मेरा प्रजा हुनेछन्, र म तिनीहरूका

परमेश्वर हुनेछु, किनभने तिनीहरू आफ्नो सम्पूर्ण हृदयले मकहाँ फर्कनेछन्।" यर्मिया २४:७।

*पश्चत्ताप गर्दा परमेश्वरतिर फेर फर्किन पाएको अनुभव तपाईंलाई कस्तो भएको थियो?*

## ५. इतिहासमा परमेश्वरको सर्वोच्चता

भजन १३५मा ऐतिहासिक घट्नाहरू जल्दोबल्दो रूपमा लेखिएका छन्। भजनका लेखकले तिनीहरूबाट के पाठ सिकेका थिए? हेर्नुहोस्, "१ परमप्रभुको प्रशंसा गर। परमप्रभुका नाउँको प्रशंसा गर, हे परमप्रभुका सेवकहरू, उहाँको प्रशंसा गर। २ तिमीहरू जो परमप्रभुको भवनमा, हाम्रा परमेश्वरको भवनमा सेवा गर्दछौ। ३ परमप्रभुको प्रशंसा गर, किनभने परमप्रभु भलो हुनुहुन्छ। उहाँको नाउँको भजन गाओ, किनकि यो मनोहर छ। ४ किनकि परमप्रभुले याकूबलाई आफ्नो बनाउन, र इस्राएललाई आफ्नै निज सम्पत्ति हुनलाई चुन्नुभएको छ। ५ मलाई थाहा छ, कि परमप्रभु महान् हुनुहुन्छ, र हाम्रा प्रभु सबै देवहरूभन्दा महान् हुनुहुन्छ। ६ स्वर्गमा, पृथ्वीमा, र समुद्रहरू र तिनका गहिराइमा परमप्रभुले आफ्नो इच्छाबमोजिम गर्नुहुन्छ। ७ उहाँले पृथ्वीका सीमानाको छेउबाट बादल उठाउनुहुन्छ, उहाँले वर्षासित बिजुली पठाउनुहुन्छ, र उहाँले आफ्ना भण्डारहरूबाट बतास निकाल्नुहुन्छ। ८ उहाँले मिश्रदेशमा मानिस र पशुहरू दुवैका जेठा-जेठालाई मार्नुभयो। ९ हे मिश्रदेश, उहाँले तेरै बीचमा, फारो र उनका सारा कर्मचारीहरूका सामुन्ने चिन्ह र आश्चर्य कामहरू पठाउनुभयो। १० उहाँले धेरै जातिहरूलाई प्रहार गर्नुभयो, र धेरै शक्तिशाली राजाहरूलाई मार्नुभयोः ११ एमोरीहरूका राजा सीहोन, र बाशानका राजा ओगलाई, र कनानका सबै राजाहरूलाई। १२ अनि तिनीहरूका भूमि आफ्नो प्रजा इस्राएललाई पैतृक-सम्पत्तिको रूपमा दिनुभयो। १३ हे परमप्रभु, तपाईंको नाउँ सदासर्वदै रहिरहन्छ। हे परमप्रभु, तपाईंको यश पुस्तौंसम्म रहिरहन्छ। १४ किनभने परमप्रभुले आफ्नो प्रजालाई न्याय दिलाउनुहुनेछ, र आफ्ना सेवकहरूमाथि अनुकम्पा राख्नुहुनेछ। १५ जाति-जातिका मूर्तिहरू सुन र चाँदी हुन्, ती सब मानिसहरूका हातले बनिएका हुन्छन्। १६ तिनीहरूका मुख छन्, तर बोल्न सक्दैनन्, आँखा छन्, तर देख्न सक्दैनन्। १७ तिनीहरूका कान छन्, तर सुन्न सक्दैनन्। तिनीहरूले सास फेर्न सक्दैनन्। १८ तिनीहरूलाई बनाउनेहरू पनि तिनीहरूजस्तै हुनेछन्, अनि तिनीहरूमाथि भरोसा राख्नेहरू पनि सबै उस्तै हुनेछन्। १९ हे इस्राएलको घराना, परमप्रभुको प्रशंसा गर। हे

**हारूनको वंश, परमप्रभुको प्रशंसा गर। २० हे लेवीको वंश, परमप्रभुको प्रशंसा गर। हे परमप्रभुको भय मान्नेहरू, परमप्रभुको प्रशंसा गर। २१ सियोनबाट परमप्रभुको प्रशंसा होस्, यरूशलेममा वास गर्नुहुनेको प्रशंसा होस्। परमप्रभुको प्रशंसा गर।"**

परमेश्वरको विश्वसनीयता, भलो र बफादारीप्रति भजन १३५का लेखकले उहाँको स्तुति प्रशंसा गर्न आह्वान गर्दछन्। उहाँले सृष्टिमा (भजन १३५:६,७), प्रस्थानमा भएको इस्राएलको मुक्तिको इतिहास (भजन १३५:८-१०) र प्रतिज्ञा गरिएको देशमा बिजय प्राप्त गर्न सकेकोले (भजन १३५:१०-१२) परमेश्वर स्तुति प्रशंसाको योग्य हुनुभएको थियो।

परमेश्वरका विशेष निजि सम्पत्ति गर्न उहाँलले इस्राएलीहरूलाई रोजेर उहाँको अनुग्रह प्रकट गर्नुभएको थियो (भजन १३५:४)। "विशेष निजी सम्पत्ति" भन्ने शब्दले परमेश्वर र उहाँका जनहरूको बिचमा भएको विशेष करारको सम्बन्धलाई जनाउँछ (व्यवस्था ७:६-११; १ पत्रुस २:९,१०)। परमेश्वरको आफ्नै सार्वभौम इच्छा प्रयोग गर्नुभएको आधारमा इस्राएलीहरूलाई चुन्नुभएको थियो। तर इस्राएलीहरू अरू जातिहरूभन्दा महान्, सर्वोच्च र श्रेष्ठ जाति भएको भनेर घमण्ड गर्ने आधार छैन। संसारप्रति परमेश्वरको सर्वोच्च लक्ष्यहरू इस्राएलीहरूबाट सुरु भएको थिएन तर सृष्टिमा थिए भनेर भजन १३५:६,७ले जिकिर गर्दछ। त्यसकारण, सारा संसारलाई मुक्ति दिने योजनामा आफ्नो हात दिन इस्राएलले नम्र भएर अघि बढ्नुपर्दथ्यो। तिनीहरूलाई दिएको जिम्मेवारीलाई तिनीहरूले पूरा गरे परमेश्वरको योजना सफल हुनुपर्दथ्यो (भजन १३५:८-१३)। परमेश्वरले उहाँका जनहरूको पक्षमा न्याय गर्नुहुने र तिनीहरूमाथि उहाँको करुणा हुनेछ भन्ने आत्मज्ञानमा इस्राएलीहरू निपुण हुनुपर्दथ्यो (भजन १३५:१४)। समाजमा दविएको, तिरस्कृत र पिडित वर्गको पक्षमा परमेश्वरले न्याय गर्नुहुनेछ (भजन ९:४, भजन ७:८, भजन ५४:१, दानिएल ७:२२)। परमेश्वरले उहाँका जनहरूलाई उचाल्नुहुने र तिनीहरूलाई सुरक्षित गर्नुहुनेछ भनेर प्रतिज्ञा गरिएको छ (व्यवस्था ३२:३६)। त्यसकारण, परमेश्वरका जनहरू उहाँमाथि भरोसा राखेर उहाँसँग गरिएको करारमा बफादारी हुन भजन १३५ले उत्साहित गर्दछ।

मूर्तिहरू केही पनि होइन र यस संसारमा परमेश्वरको विशेष सर्वोच्चता कायम छ भन्ने आत्मज्ञानले सुसज्जित भए उहाँ जनहरू उहाँमाथि बफादार हुनेछ (भजन १३५:१५-१८)। आशाविहिन, शक्तिविहिन, अकर्मण्य र निकम्मा मूर्तिहरूमाथि भरोसा राख्ने मानिसहरू पनि ती मूर्तिहरू जस्तै हुनेछ

भनेर भजन १३५:१८मा जिकिर गर्दछ। चौथो आज्ञालाई दुइ प्रकारले प्रस्तुत गरेर भजन १३५:१८लाई अचम्मसँग पुष्टि गरेको छ (प्रस्थान २०:८-११, व्यवस्था ५:१२-१५)। सृष्टिमा र संसारको इतिहासमा परमेश्वरको शक्ति समान अरू कोही नभएकोले परमेश्वरका जनहरू उहाँमाथिमात्र भरोसा राख्नुपर्छ र उहाँको मात्रै आराधना गर्नुपर्दछ। उहाँ हाम्रो सृष्टिकर्ता र मुक्तिदाता हुनुभएको हैशियतले हाम्रो भक्ति केवल उहाँमाथि मात्र हुनुपर्दछ। उहाँलाई बाहेक अरू कुनै थोकलाई पुजा गर्नु, मान्नु र ढोग्नु नै मूर्तिपूजा गरिएको ठहर्दछ।

*हाम्रो जीवनमा मूर्तिहरू छैन भनेर कसरी निश्चित हुने? हामीले महसुस गर्नुभन्दा पनि हृदयमा मूर्तिहरूलाई सजाएर राख्नु किन सजिलो छ?*

उपसंहारः

**थप जानकारीः प्रेरित ७ र हिब्रू ११। इतिहासमा परमेश्वरले आफ्ना जनहरूलाई सार्वभौम अगुवाइको लक्ष्य के हो भनेर नयाँ करारमा कसरी देखाएको छ?**

ऐतिहासिक भजनहरू यथार्थमा परमेश्वरले आफ्ना जनहरूसँग कारोबार गर्नुभएका गवाहीहरू हुन्। आफ्ना जनहरूप्रति परमेश्वर कतिको बफादारी हुनुभएको थियो भनेर भजनसंग्रहले प्रभावकारी रूपमा प्रस्तुत गर्दछ। इस्राएलको इतिहासमा जे भएतापनि त्यही इस्राएलीहरूतर्फबाट नै संसारको मुक्तिदाता जन्म लिने लक्ष्य पूरा भएको थियो। नासरथका येशू नै संसारको निम्ति प्रतिज्ञा गरिएको मुक्तिदाता हुनुहुन्थ्यो। अनेकौं दुःख, कष्ट र परीक्षाले परमेश्वरका जनहरूलाई सताएतापनि तिनीहरूलाई उहाँले त्यागनुभएको छैन र सबै थोक उहाँकै सर्वोच्च नियन्त्रणमा छ भनेर भजनहरूले पुष्टि गर्दछन्। उहाँ इतिहासको सर्वोच्च परमेश्वर हुनुहुन्। परमेश्वरका जनहरू उहाँप्रति गद्दारी गरेतापनि उहाँले गर्नुभएको प्रतिज्ञाबाट हट्नुहुन्न भनेर भजनका लेखकहरूले पुष्टि गर्दछन्। तर परमेश्वरप्रति निरन्तर रूपमा गद्दारी गर्ने, पश्चात्ताप नगर्ने हठी व्यक्ति वा मानिसहरू उहाँको करारको आशिषबाट बञ्चित भएका थिए र हुनेछन्। इस्राएलीहरूले परमेश्वरको बदनाम गर्दा जुन नतिजा तिनीहरूले भोगनु परेको थियो त्यो सबैको निम्ति चेतावनी हुनुपर्दछ। जसरी कतिपय इस्राएलहरूले परमेश्वरको खिलाफमा चल्दा नाश भए त्यसरी नै इसाई भनेर दावी गर्ने तर उहाँको मार्गमा नहिँड्ने र उहाँलाई विश्वासघात गरेर चल्छ भने तिनीहरूको पनि त्यही गति हुनेछ।

परमेश्वरप्रति निरन्तर बफादार भएर बस्न र उहाँमा आशा गरिरहन भजनका लेखकहरूले उत्साह दिन्छन्। "भविष्यको बारेमा डराउनुपर्ने हाम्रो केही कारण छैन। तर परमेश्वरले हामीलाई कसरी अगुवाइ गर्नुभयो भन्ने कुरा हामीले कहिल्यै पनि बिर्सिनु हुन्न। विगतको इतिहासमा उहाँले सिकाउनुभएका पाठ वा शिक्षाहरू हाम्रो हृदयमा सजाइ राख्नु जरुरी छ।"-एलेन जी. ह्वाइट, *लाइफ स्केचेस अभ एलेन जी. ह्वाइट,* पृ. १९६।

परमेश्वरका जनहरू प्रगति गर्दै निडर भएर अघि बढ्न तिनीहरूले इतिहासबाट तथ्यहरू थाहा पाउनै पर्दछ। भजन १०६ कमसेकम हप्ताको एक फेरा भएतापनि पढ्नु पर्छ भनेर एलेन जी. ह्वाइटले सल्लाह दिन्छिन् (*टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स,* पृ. ९८)।

परमेश्वरका जनहरूको इतिहासमा यो यकिन गरिएको छ कि उहाँले गर्नुभएको प्रतिज्ञा कहिल्यै पनि अपूर्ण हुँदैन। यो केवल विगतको इतिहासलाई जनाएको मात्र होइन तर प्रत्येक व्यक्तिको वर्तमान जीवनमा पनि उहाँको प्रतिज्ञा पूरा हुन्छ। येशूको प्रथम् आगमनले यो पुष्टि गर्दछ कि उहाँको दोस्रो आमगन पनि पूरा हुनेछ र परमेश्वरले नयाँ पृथ्वीमा न्यायी र शान्तिको राज्य स्थापना गर्नुहुनेछ।

**चिन्तनमनन:**

**अ. इतिहासमा परमेश्वरले उहाँका विश्वासी जनहरूलाई अगुवाइ गर्नुभएको विवरणलाई याद गर्दा के आशिषहरू हामी पाउन सक्छौं? विगतको इतिहासमा भएका घट्नाहरू बिर्सन्दा वा बेवास्ता गर्दा त्यसका के नतिजाहरू हुन्छ? हामी चर्च भएको हैशियतले पौराणिक इस्राएललाई प्रतिबिम्बित गरिरहेका हुन्छौं। विगतको इतिहास नबिर्सिने नीति हामीले पनि कसरी अबलम्बम गर्नुपर्छ?**

**आ. परमेश्वरको दैविक हेरचाह हामीमाथि छ भनेर भजनले देखाएको विवरणले हामीलाई कस्तो हौशला मिल्दछ? हामी पनि धिरज र सार्वभौम परमेश्वरमा भरोसा राखेर कसरी अघि बढ्ने? कतिपय समयमा स्थितिहरूलाई हामीले बुझ्न सक्दैनौं तैपनि उहाँमा नै भरोसा राखेर कसरी अघि बढिरहने?**

**इ. हाम्रो व्यक्तिगत र सामुहिक आराधना कार्यक्रममा परमेश्वरका जनहरूको इतिहासको बारेमा अध्ययन गर्नुपर्छ भनेर कसरी यकिन हुने? हाम्रा छोराछोरीहरूलाई नै परमेश्वरका जनहरूको वर्तमान इतिहास सुनाउन किन राजी हुनुपर्दछ?**

# कथा १०

## चकित पार्ने आवाज

### रेक्स (भारत)



सन १९८० मा भारतमा दिउँसो सुतिरहेको बाबुलाई एउटा चकित पार्ने आवाजले उठायो। "यदि तिमी आज मर्नेभए तिमीले के गर्नेछौ?" त्यस आवाजले सोध्यो। बाबुको सातोपुत्लो गयो। घरमा उनीसँग कोही पनि थिएन। उनले घरमा यताउति हेरे कोही देखेनन्। उनलाई कसले बोलेको हो सो भेट्टाउन प्रयास गरे, तर घरमा कोही पनि थिएन। बाबु चिन्तित भयो। "मलाई बोल्ने को हो?" भनेर चिच्याए। कसैले पनि जवाफ दिएन। उनी झन चिन्तित भए। उनले प्रार्थना गरे, "हे परमेश्वर, को मसँग बोलेको मलाई थाहा दिनुहोस्।" तर घर सुनसान थियो। बाबुले के गर्ने थाहा नै पाएन।

एक घन्टा आधा पछि बाहिर ढोकामा कसैले ढकढक गर्‍यो। त्यहाँ सुसमाचारका पुस्तकहरू बेच्ने सेभेन्थ-डे एडभेन्टिस्ट उभिरहेका थिए। उनलाई भेटेर बाबु अचम्मिभ भए। त्यही व्यक्तिले धेरै घन्टा अघि ढोका ढकढकाएको थियो। त्यस व्यक्तिले बाइबलको बारेमा केही बताइरहेको थियो तर उनले सुन्न चाहेन  र उनलाई ढोका बन्द गरेर आफू सुत्न गएका थिए। बाबु आफू असल इसाई हुँ भन्नेमा विश्वास थियो। तर उनले कहिल्यै पनि बाइबल पढेका थिएनन् न त उनीसँग बाइबल नै थियो। त्यस व्यक्तिले बाइबलको बारेमा सुनाउन चाहेको थियो तर उनले चासो देखाएका थिएनन्।

तर आवाज सुनेपछि त्यो सुसमाचार प्रचारक देखेर खुशी भए। उनले बाइबलको बारेमा अरू जान्न चाहे। अब उनी सुन्न तयार थिए।

त्यस पुस्तक बिक्री गर्ने सुसमाचारवाहकले बाबुलाई केही नयाँ कुराहरू सुनाए। कुराकानी गरेर त्यस व्यक्ति घरबाट गएपछि बाबु आफैले सत्य जान्ने निर्णय गरे। उनले आफ्नै बाइबल भएको चाहना गरे। बाबु पादरी वा रोमन क्याथोलिक फादरकहाँ गएर बाइबल किने। त्यो सस्तो थिएन। उनले महँगै भएपनि बाइबल किने र लगनशील भएर बाइबल पढ्न थाले। बाइबल पढेपछि तीनवटा प्रश्नहरू उनमा खडाभए। ती प्रश्नहरू लिएर पादरीकहा गए। "हामीले मूर्तिको अगाडि किन ढोग्छौं? हामीले किन आइतबार पालन गर्छौं?" उनले सोधे। ती प्रश्नहरूले पादरी खुशी भएनन्। "त्यसैकारणले त हामी मानिसहरूलाई बाइबल वितरण गर्दैनौं" उनले भने।

बाबु खुशी भएन। त्यस पादरी अर्थात् रोमनक्याथोलिक चर्चमा जान पनि छोडे। बरू उनले आफ्नी श्रीमती र १६ र १० वर्षका छोराहरूलाई अर्कै आइतबार चर्चमा गए।

केही समयपछि एडभेन्टिस्टले उनी रहेको सहरमा सुसमाचार प्रचारको कार्यक्रम आयोजना गऱ्यो। बाबुले आफू र परिवारलाई त्यस कार्यक्रममा भाग लिन गए। उनले  प्रचारकलाई त्यही प्रश्नहरू सोधे जुन उनले पादरीसँग सोधेका थिए। पछि बाबु, आमा र तिनीहरूका १६ वर्षको छोरा एडभेन्टिस्ट चर्चमा सरिक भए।

तर तिनीहरूको आफन्त र छिमेकीहरू तिनीहरूदेखि खुशी थिएनन्। बाबुका पाँच दाजुभाइहरू थिए र दुई दीदि बहिनीहरू थिए। तिनीहरूले एडभेन्टिस्ट भएका बाबु र परिवारसँग बोल्न पनि अस्वीकार गरे। सबै छिमेकीहरू बाबुको पहिलो चर्चमा संलघ्न थिए। तिनीहरूले पनि परिवारसँग कुराकानी गर्न अस्वीकार गरे। साबथमा छुट्टी नपाएकोले बाबुले आफ्नो काम छोड्न वाध्य भयो।

धेरै वर्षसम्म परिवारको जीवनमा परिवर्तन भएको थियो। कान्छो छोरो रेक्सलाई सार्वजनिक स्कूलबाट निकालेर एडभेन्टिस्ट स्कुलमा राख्न बाबु र आमाले निर्णय गरे।

रेक्सलाई १२ वर्षको हुँदा इ.डी. थोमास मेमोरियल हाइस्कुलमा भर्ना गरियो। ऊ त्यहाँ त वर्षसम्म पढ्यो। त्यहाँ उनले आफ्नो हृदय येशूलाई दियो। त्यसपछि ऊ स्पाइसर एडभेन्टिस्ट युनिभर्सिटीमा पढे। अहिले उनी पास्टर भएको छ। आज उनि भारतको एडभेन्टिस्ट चर्चको अगुवा भएका छन्। उनी साउठ इन्डिया युनियनकोको साबथस्कुलको निर्देशक छन्।

उनको बुबाको देहान्त भएको छ। उनले आफ्नै सहरमा पहिलो एडभेन्टिस्ट चर्च् खोलेका छन्। अनि उनी बाइबल सिकाउने कर्मचारी भए र चर्चहरू स्थापना गर्न सक्रिय भएका छन्। उनको सक्रियतामा धेरैले येशूलाई विश्वास गरेका छन्।

४० वर्ष अघि दिउँसो सुतिरहेको बेलामा बाबुलाई एउटा आवाजले उठाएकोप्रति उनी आभारित छन्। उनका बाबुआमाले उनलाई एडभेन्टिस्ट आवासिय स्कुलमा पठाएकोमा उनी खुशी छन्। दुई अनुभवहरूले उनको जीवन अनन्तसम्मको लागि परिवर्तन भएको रेक्सले विश्वास गर्छन्।

"म इ.डी. थोमस हाइस्कुलको ग्राजुयत भएकोमा म गौरवान्वित छु। त्यस स्कुले मलाई सत्य सिकायो र आज म परमेश्वरको सेवक छु," खुशी भएर रेक्सले बताए।

-आन्ड्र्यु मेकचेस्नी